नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०७६/०९/१४

## प्रेस विज्ञप्ति

नेपाल सरकारको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भए बमोजिम सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराउने कार्यको सुरूआत् गरिएको छ ।आज शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र महालक्ष्मी नगरपालिकाको संयुक्त आयोजनामा सिद्धिमंगल माध्यमिक विद्यालय ललितपुरमा आयोजित एक कार्यक्रममा माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले यस कार्यक्रमको औपचारिक शुभारम्भ गर्नु भयो । नि:शुल्क सेनिटरी प्याड वितरणका लागि चालु आर्थिक रू १ अर्व २७ करोड ७३ लाख ३७ हजार बिनियोजन भएको छ जसवाट करिव १४ लाख ३७ हजार छात्रा लाभान्वित हुने अपेक्षा राखिएको छ । उक्त रकम छात्रा संख्याका आधारमा देशभरका स्थानीय तहमा उपलब्ध हुने प्रवन्ध गरिसकिएको छ ।

सेनिटरी प्याडको प्रयोगले छात्राहरूको महिनावारी व्यवस्थापन सहज हुन गइ उनीहरुको स्वास्थ्यमा सुधार हुनाका साथै विद्यालयमा नियमित अध्ययन गर्न जाने वातावरण सृजना हुने र यसको सकरात्मक असर सिकाइ उपलब्धिमा पर्ने विभिन्न अध्ययनहरुको निष्कर्ष भएकोले यसको नि:शुल्क वितरणवाट नेपालमा छात्राहरूको सिकाइमा सुधार भई मुलुकले लिएको गुणस्तरीय शिक्षाको लक्ष्य पुरा हुन मद्धत् पुग्ने अपेक्षा गरिएको छ।

सेनिटरी प्याडको वितरण र व्यवस्थापनलाई प्रभावकारी वनाउन नेपाल सरकारले "सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६" जारी गरेको छ । यस कार्यविधि अनुसार तोकिएको गुणस्तर भएका प्याड खरिद तथा वितरणका लागि नेपाल सरकारले स्थानीय तहलाई आवश्यक पर्ने वजेट उपलव्ध गराउने छ । स्थानीय तहवाट विद्यालयले सेनेटरी प्याड प्राप्तगरी नियमित रुपमा छात्राहरुलाइ उपलव्ध गराउनु पर्नेछ। कार्यविधिले नीति, योजना, अनुगमन र मापदण्ड निर्धारणका लागि संघमा श्रीमान् सचिवज्यूको अध्यक्षतामा निर्देशक समिति रहने व्यवस्था गरेको छ ।यसका साथै यो कार्यक्रमलाई प्रभावकारी वनाउन प्रदेशस्तरमा व्यवस्थापन सहजिकरण समिति रहने तथा स्थानीय तह र विद्यालय तहमा समेत सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ ।"सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६" यस मन्त्रालयको वेभसाइट www.moest.gov.np मा उपलव्ध रहेको व्यहोरा समेत सम्वन्धित सवैको जानकारिका लगि अनुरोध छ ।

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता